# मानव अधिकार पत्र

*राष्ट्रिय मानव अधिकार आयोगको नियमित प्रकाशन*

बर्ष ४ अङ्क ५ भदौ

## कोभिड-१९ विरुद्धको खोपमा लक्षित वर्गको पहुँच पुग्न नसकेको गुनासा

राष्ट्रिय मानव अधिकार आयोगले उपभोक्ताको अधिकार अनुगमनसम्बन्धी निर्देशिका जारी गरेको दिनको सन्दर्भमा सरोकारवालासँग अन्तरक्रिया गरेको छ । कोभिड १९ विरुद्धको खोपको आपूर्ति, भण्डारण, वितरण र पहुँचको अवस्था सम्बन्धमा २०७८ साउन १२ गते सो कार्यक्रम सम्पन्न भएको हो ।

सहभागीबाट लक्षित वर्ग नतोकिँदा खोपमा अनियमितता भएको, खोपको प्रभावकारिताबारे स्पष्ट नहुँदा डर र त्रासको कारण कतिपय खोप केन्द्रमा खोप लगाउन नआएको विषय उठान गरिएका थिए । खोप भण्डारण केन्दहरूको अभाव, विकट ठाउँमा खोप पुर्‍याउँन कठिनाइ, औषधीउपचारमा सरकारले तोकेभन्दा बढी मूल्य तिनुपर्ने अवस्था रहेको भनाइ सहभागीहरूको थियो । कोभिडविरुद्धको खोपको भण्डारण र व्यवस्थापनलाई पूर्वयोजना बनाएर कार्यान्वयन गर्नुपर्ने, अनियमितता र बेथितिलाई नियन्त्रण गर्नुपर्ने उनीहरूको जोड थियो । दोषी पहिचान गरी कानुनी दायरामा ल्याउनुपर्ने, खोपको प्रभावकारिता एवम् समस्याहरूको बारेमा स्पष्ट रूपमा समुदाय स्तरसम्म सञ्चार माध्यममार्फत स्थानीय भाषाबाट समेत जानकारी गराउनुपर्ने भनाइ थियो । पूर्वसूचना एवम् व्यवस्थापनको अभावमा प्रायः खोप केन्दहरूमा अत्याधिक भिड हुँदा खोपकेन्दहरू नै कोरोना सङ्क्रमणको जोखिमस्थल बन्ने सम्भावनातर्फ सम्बन्धित निकायलाई ध्यान जानु जरुरी रहेको उनीहरूको जोड थियो । उपभोक्ता अधिकारकर्मीहरूबाट मानव अधिरकार संरक्षण गर्ने सवालहरूमा आयोगसँग सहाकार्य गर्न तत्पर रहेको जनाएका थिए ।

सहभागीहरूबाट उठाइएका जिज्ञासाहरूलाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव कौशलचन्द्र सुवेदी र औषधी व्यवस्था विभागका सूचना अधिकारीले प्रष्ट पार्नुभएको थियो । आम उपभोक्ताको अधिकारको अनुगमन प्रभावकारी बनाउने सवालमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट प्रतिबद्धता जाहेर भएको थियो ।

आयोगले खोपको आपूर्ति, भण्डारण, वितरण तथा पहुँचको अवस्था सम्बन्धमा काठमाडौं, भक्तपुर र ललितपुरका केही स्थानहरूमा अनुगमन गरेको थियो । अनुगमनको क्रममा प्राप्त तथ्यहरू समावेश गरी आयोगका उपसचिव मञ्जु खतिवडाले प्रस्तुतिकरण गर्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रम आयोगका माननीय अध्यक्ष तपबहादुर मगरको अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा भौतिक एवम् भर्चअल माध्यमबाट गरी सरकारी निकायका प्रमुख तथा प्रतिनिधिहरू, आयोगका माननीय सदस्यहरू, आयोगका का.मु.सचिव,

सहसचिवहरू, महाशाखा प्रमुखहरू, प्रदेश कार्यालय तथा प्रदेश शाखा कार्यालयका प्रमुख तथा कर्मचारीहरू उपभोक्ता संरक्षण मञ्च, उपभोक्ता अधिकारकर्मीहरू, सञ्चारकर्मीहरू सहित एकसय सात जनाको सहभागिता रहेको थियो ।

## सिमान्तकृत अल्पसङ्ख्यक तथा लोपोन्मुख नटुवा तथा पत्थरट्टा समुदायको आर्थिक सामाजिक शैक्षिक अवस्था सम्बन्धमा अनुगमन



समुदायको आर्थिक सामाजिक तथा शैक्षिक अवस्थाबारे मिति २०७८ भदौ २० देखि २६ सम्म अनुगमन गरेको छ । प्रदेश कार्यलयका प्रमुख, सहसचिव सम्झना शर्माको नेतृत्वमा मानव अधिकार अधिकृत दीपक ठाकुर सम्मिलित टोलीले अनुगमन गरेको थियो । अनुगमनको क्रममा स्थानीय सरकार, विद्यालय, सरोकारवाला तथा लक्षित समुदायसँग प्रत्यक्ष छलफल तथा अन्तरक्रिया गरी जानकारी लिइएको थियो ।

घुमन्ते समुदायको रूपमा चिनिएका नटुवाहरू नवलपरासी, रूपन्देही, कपिलवस्तु बाँके बर्दिया जिल्लामा छरिएर रहेका छन् । उनीहरूलाई साँझ बिहान छाक टार्ने चिन्ताको कारण जीवन कष्टपूर्ण रहेको पाइएको छ । नवलपरासी, रूपन्देही र कपिलवस्तु जिल्लाका विभिन्न क्षेत्रमा बसोबास गर्ने नटुवाहरूको मुख्य पेसा नै मागेर जीवन गुजारा गर्नु हो । नटुवाहरूको स्थायी सम्पत्ति नभएकाले सार्वजनिक जग्गामा रुखमुनि फुस, त्रिपाल, तन्ना, धोतीबाट टहरा बनाइ बस्ने गरेको पाइन्छ । गाउँमा तल्लो जात, फोहरी, झगडालु भनेर काम नदिँदा मागेर जीवन धान्नुपर्ने बाध्यता रहेको देखिन्छ ।

नटुवा महिला र बच्चाहरू माग्ने, पुरुषहरू सर्पको विष निकालेर नचाउँदै हिँड्ने, मौरी काँढ्नेजस्ता जोखिमपूर्ण काम गर्छन् । गरिबी, राज्यविहीनको अवस्थामा रहेका घुमन्ते नटुवाहरूका बाल बच्चाहरू प्राय: विद्यालय जादैन्न । कतिपय बालबालिकाहरू स्थानीय सरकारी विद्यालयमा नियमित उपस्थिति हुन नसक्दा अध्ययन प्रभावित हुन पुगेको छ । विद्यालय र विद्यालयबाहिर मागेर हिँड्नेको बच्चा भनी गाली खानुपर्दा उनीहरूमा नकारात्मक सोच पैदा हुन भएको पाइन्छ । नटुवा समुदायका १० कक्षासम्म पढ्ने बालबालिका अत्यन्त न्यून सङ्ख्यामा रहेको अनुगमनबाट पाइएको छ ।

राज्य तथा सरकारको आँखाबाट ओझलमा परेका लोपोन्मुख नटुवाहरूलाई सामाजिक सुरक्षा प्राप्त गर्न सकेको देखिँदैन । नटुवाको भन्दा राम्रो आर्थिक अवस्था भएका पत्थरकट्टा जाति लगायतले राज्यबाट सामाजिक सुरक्षा भत्ता पाइआएका छन् तर नटुवाहरूलाई सुचीकृतसमेत गरिएको छैन् । आफूले काढेको मह लगायतका उपभोग्य वस्तुहरू प्रयोग गरे पनि समाजबाट हुने छुत व्यवहारबाट पीडित बन्न पुगेका छन् । अछुत भनिए पनि आफूहरू दलित नभएको उनीहरूको भनाइ छ । राज्यले लोपोन्मुख जातिले पाउने सामाजिक सुरक्षा भत्ता र सुविधा दिए उनीहरूको आर्थिक र शैक्षिक अवस्थामा ठुलो राहत पुग्ने देखिन्छ । भूमिहीन र चरम गरिबीका कारण कष्टकर जीवन बिताइरहेका नेटुवाहरू सरकारी सहयोगको अपेक्षामा रहेको पाइएको छ । वि.सं. २०६८ सालको जनगणनाअनुसार यस जातिको जनसङ्ख्या नवलपरासी ११२, रूपन्देहीमा १५१, कपिलवस्तु २९१, बाकेमा ५९ र बर्दियामा २३ परिवार रहेको देखिन्छ ।

पत्थरकट्टा वा कुशवाडिया नेपालको अल्पसङ्ख्यक तथा पिछडिएको जातिको रूपमा रहेको छ । राष्ट्रिय जनजातिको सूचीमा परे पनि लोपोन्मुख अवस्थामा छ । कुशवाडियाको बसोबास बाँके बर्दिया र रूपन्देहीका केही जिल्लाहरूमा सीमित छ । उनीहरू जाँतो, सिलौटो र

लोहोरो आदि घरेलु सामग्री बनाइ बिक्री गर्ने, गाउँ-गाउँ घुमि सिलौटा, जातो खोप्ने र कहिले बाबियो बनकसबाट कुचो बनाउने, सनपाटबाट डोरी बाटेर प्राप्त रकमबाट जीविका चलाउने गर्दछन् ।



कुशवाडियाको आफ्नै भाषा भए पनि सो बारेमा थाहा नभएको, अवधि भोजपुरी भाषा नै बोल्न सहज हुने उनीहरूको भनाइ छ। कुशवाडियाहरू हिन्दु धर्ममा आस्था राख्दछन्। हिन्दु धार्मिक परम्पराअनुसार नै उनीहरू आफ्नो धर्म कर्म तथा क्रियाकलापहरू गर्दछन् ।

भारतबाट पाता आकारको ढुङ्गाहरू ल्याउछन् । भारतीय व्यापारीहरूबाट ढुङ्गा खरिद र भन्सार दस्तुर तिरी ल्याउँदा नेपालका सुरक्षाकर्मीहरूले थप रकम माग्ने र असुल्ने गरेको उनीहरूको गुनासो छ ।

प्रायः कुशवाडियाहरू ढुङ्गा फोड्ने, ढुङ्गा फुलबुटा बनाउने काम घरमै बसी गर्दछन्। आफूले तयार गरेका बस्तुहरू टाढाटाढासम्म पुऱ्याइ बिकी गर्दछन्। यो उनीहरूको आय श्रोतको माध्यम हो । मसला, अचार र दाल लगायतका खानेकुरा पिध्न प्रयोग हुने सिलौटो, लौहोरो, जाँतोको सट्टा आधुनिक ग्राइन्डर र मिक्स्चर लगायतका उपकरणहरू प्रयोगमा आउन थालेपछि पत्थरकट्टा जातिको पेसा सङ्कटपुर्ण बन्दै गएको अवस्था छ ।

शिक्षा तथा जनचेतनासँगै कुशवाडियाहरू आर्थिक रूपमा समेत पीडित हुदै आएका छन् । सङ्गठित भई बस्न रुचाउने यो जातिमा सामाजिक संरचना र परम्परालाई कसैले खलल पुऱ्याउने प्रयास गरेमा त्यसलाई सामुहिक छलफलबाट सजाय तोक्ने गरिन्छ । दुःख/मर्का पर्दा एकअर्काले सहयोग गर्ने र सामूहिक रूपमा जुटने परिपाटी यस जातिमा रहेको छ ।

सदरमुका नजिकै बस्ने बसोबासरत यस जातिमा शिक्षा र चेतना छैन् । सामान्य लेख्ने पढने घरको हरहिसाब गर्न सक्ने र आफ्नो स्वास्थ्यसम्बन्धी जानकारी राख्न सक्ने व्यक्तिसमेत न्यून छन् । चरम् गरिबी र चेतनाको अभावको कारण शिक्षा प्राप्त गर्न सकेका छैनन् । कतिपय बालबालिकाहरू भने विद्यालय जाने गरेका छन् ।

ढुङ्गाको काम नै मुख्य आयश्रोतको माध्यम भएकाले राज्यले जातो सिलौटो र लोहोरो बन्ने खालका ढुङ्गाहरू उपलब्ध गराइ दिएमात्र पनि एकहदसम्म जीवनस्तर उकासिने उनीहरूको भनाइ रहेको छ । सरकारले घरबासको उचित व्यवस्था मिलाएर केही ऋण उपलब्ध गराई दिनुपर्ने उनीहरूको माग छ । समाजले हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन उनीहरूलई आत्मनिर्भर आत्मनिर्णायक बनाउनुपर्ने देखिएको छ । यसको लागि उनहिरूलाई पुरानै व्यवसाय गर्न सक्ने सहज वातावरण बनाउन राज्य उनीहरूका सकारात्मक मागप्रति राज्यले संवेदनशील बन्न आवश्यक देखिन्छ ।

### ५७ औं बाल दिवसको सन्दर्भमा सरोकारवालाहरूबीच अन्तरक्रिया



आयोगको लुम्बिनी प्रदेश कार्यालय बुटवलको आयोजनामा ५७ औं बाल दिवसको सन्दर्भमा ‘शिक्षामा

बालबालिकाहरूको पहुँच अभिवृद्धि र सरोकारवालाहरूको भूमिका' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । मधेश मानव अधिकार गृह कपिलवस्तु, इन्सेक, गैसस महासङ्घ, सिद्धार्थ सामाजिक विकास केन्द्र, शिक्षाका लागि राष्ट्रिय अभियान नेपाल, मानव अधिकार एलाइन्स, लिडो नेपाल, सनसाइन सामाजिक विकास केन्द्र, कालिका स्वाबलम्बन केन्द्र, दलित समाजिक विकास केन्द्र लगायतका सङ्घसंस्थाहरूको समन्वय तथा सहकार्यमा रहेका थिए । कार्यक्रम कपिलवस्तुको तौलिहवामा सम्पन्न भएको हो ।

कार्यक्रममा सिमान्तकृत अल्पसङ्ख्यक लोपोन्मुख समुदाय नटुवा तथा पत्थरकट्टा लगायतका बालबालिकाहरूको शिक्षामा पहुँचका लागि सम्बन्धित सरोकारवालाहरूले गर्नुपर्ने कार्य र खेल्नुपर्ने भूमिका विषयमा अन्तरक्रिया तथा छलफल केन्द्रित रहेको थियो ।

कार्यक्रममा राष्ट्रिय मानव अधिकार आयोगको प्रमुख सम्झना शर्माले कपिलवस्तु जिल्लामा बालबालिकाको अवस्था विषयमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यपत्रमा महामारीमा बालबालिकाको अवस्था, बाल अधिकारका समग्र सवालहरू बालबालिकासँग सम्बन्धित तथ्यहरू समावेश गरिएको थियो । यसअलावा बालबालिकाहरूको अधिकार, विद्यालयमा बालबालिकाहरूलाई सहज, सुरक्षित वातावरण, सरसफाई, बालविवाह, महिला तथा बालबालिका माथि भएको हिंसा र बालबालिकाप्रति राज्यको दायित्व लगायतका विषय पनि कार्यपत्रमा समेटिएको थियो । यसैगरी माहुरी होमका अध्यक्ष रविन्द्रनाथ ठाकुरले पनि नटुवा तथा पत्थरकट्टा समुदायको आर्थिक सामाजिक शैक्षिक अवस्था सम्बन्धमा कार्यपत्र प्रस्तुत गर्नुभएको थियो ।

कार्यक्रमका अतिथि जिल्ला समन्वय समितीका संयोजक नारायणप्रसाद खनालले स्थानीय तहले चाहेमा बालबालिकाहरू विद्यालयबाट वञ्चित हुनुनपर्ने बताउनुभयो । आजका बालबालिका भोलिका कर्णधार भएको हुँदा बालबालिकाहरूलाई संरक्षण गर्न स्थानीय सरकारको प्रमुख दायित्व हुनेमा उहाँले जोड दिनुभयो । यसैगरी कपिलवस्तु नगरपालिकाका उपप्रमुख लक्ष्मी गुप्ता सावले बालबालिकालाई अगाडि बढाउन शिक्षा , स्वास्थ्य र सुरक्षाका लागि सबै मिलेर सहयोग गर्नपर्ने उल्लेख गर्नु भयो । आफूले पालिकाको बोर्डमा बालबालिकाको संरक्षण एवम् पहुँचका लागि आवश्यक कार्यक्रम प्रस्ताव गर्ने प्रतिबद्धता व्यक्त गर्दै सामाजिक अगुवाहरूको भूमिकासमेत आवश्यक रहेको उल्लेख गर्नुभयो ।



प्रमुख जिल्ला अधिकारी चक्रपाणी पाण्डेले विद्यालय गएका र विद्यालयबाहिर रहेका बालबालिकाहरूका अवस्था सम्बन्धमा अनुगमन हुनुपर्ने भनाइ राख्नुभयो । स्थानीय तहका जनप्रतिनिधि र सरोकारवाला, नागरिक अगुवाहरूले शिक्षामा विशेष जोड दिनुपर्नेमा आफ्ना भनाइ केन्द्रित गर्नुभएको थियो । वक्ताहरूले जिल्लामा बसोबासरत नेटुवा जातिहरूको समस्याहरूलाई सम्बोधन गर्न आयोग लगायतका निकायहरूलाई प्रभावकारी भूमिका निर्वाह गर्न आग्रहसमेत गर्नुभएको थियो । जिल्ला शिक्षा तथा समन्वय एकाइ प्रमुख ठानेश्वर घिमिरेले शिक्षामा लगानी गर्न नसक्ने बालबालिकाहरूलाई राज्यले लगानी गर्नुपर्ने भनाइ राख्नुभएको थियो ।

मन्तव्य राख्नेहरूमा गैसस महासङ्घका अध्यक्ष प्रविणकुमार श्रीवास्तव, मानव अधिकार एलायन्सका रोमाकान्त घिमिरे, सिद्धार्थ सामाजिक विकास केन्द्रका पूर्वअध्यक्ष पोमनारायण पौडेल, एमनेष्टी इन्टरनेशनलका

महेन्द्र खनाल, माहुरी होमका कार्यकारी निर्देशक लक्ष्मी श्रेष्ठ ,अपाङ्ग सङ्घका औरीराम चौरासिया, लैंगिक तथा यौनिक अल्पसङ्ख्यकको तर्फबाट प्रेरणा बिष्ट लगायतका व्यक्तित्व हुनुहुन्थ्यो । वक्ताहरूले समग्रतामा बालबालिकाहरूप्रति सहानुभूतिभन्दा पनि परिणाममुखी कार्य हुनुहुर्नेमा जोड थियो। यसतर्फ खासै चासो नभएको, यस जातिको संरक्षणको लागि समुदाय केन्द्रित कार्यक्रम, जातीय र भाषागत बिवरणलाई राष्ट्रिय जनगणनामा ल्याउनका लागि सरकार क्रियाशील रहनुपर्नेमा वक्ताहरूले जोड दिएका थिए। कार्यक्रमको अध्यक्षता कार्यालय प्रमुख सहसचिव सम्झना शर्माको र सञ्चालन मानव अधिकार अधिकृत दीपक ठाकुरले गर्नुभएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समितिका प्रमुख, कपिलवस्तु जिल्लाका १० पालिकाका पालिका प्रमुख तथा उपप्रमुख, प्रशासकीय अधिकृतहरू र सामाजिक शाखा प्रमुखहरूको उपस्थिति थियो । त्यसैगरी जिल्ला शिक्षा तथा समन्वय एकाइ प्रमुख, विभिन्न विद्यालयका शिक्षक-शिक्षिकाहरू, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक समुदाय, अपाङ्ग महासङ्घ, सञ्चारकर्मी, पत्थरकट्टा तथा नटुवा समुदायका प्रमुख/प्रतिनिधिहरू गरी ७५ जनाको सहभागिता रहेको थियो ।

## मानव अधिकार अनुसन्धानसम्बन्धी तालिम

सम्पन्नआयोगले आफ्ना कर्मचारीहरूको क्षमता अभिवृद्धि र कार्यसम्पादनलाई थप प्रभावकारी बनाउने उद्देष्यबाट मानव अधिकार अनुसन्धानसम्बन्धी तालिम सम्पन्न गरेको छ । चितवनको सौराहामा २०७८ भदौ २६ देखि ३१ सम्म चलेको तालिमममा मानव अधिकार अधिकृत र सहायक प्रथम स्तर गरी २० जना कर्मचारीहरूको सहभागिता रहेको थियो । आयोगको केन्द्रीय कार्यालय, प्रदेश कार्यालयहरू गण्डकी, वाग्मती, जनकपुर र विराटनगर प्रदेश कार्यालयहरू र खोटाङ प्रदेश शाखा कार्यालयको प्रतिनिधित्व रहेको थियो ।



आयोगको रणनीतिक योजना सहयोग परियोजनाको सहयोगमा सम्पन्न तालिममा का.मु. सचिव मुरारिप्रसाद खरेल, वाग्मती प्रदेश कार्यालयका प्रमुख सहसचिव यज्ञप्रसाद अधिकारी, संरक्षण विभाग प्रमुख दिपकजङ्ग ध्वज कार्की र अनुसन्धान महाशाखा प्रमुख लोकनाथ वास्तोलाले प्रस्तुतिकरणका साथै सहजीकरण गर्नु भएको थियो। कार्यक्रममा आयोगका माननीय सदस्य श्री मनोज दुवाडीले विषयवस्तुमाथि माथि प्रकाश पार्नुभएको थियो । त्यस्तै वरिष्ठ अधिवक्ता श्री नरेन्द्र पाठक, नेपाल प्रहरी सेवाबाट प्रहरी उपरिक्षक पदबाट अवकाश प्राप्त श्री गीता उप्रेती र फरेन्सिक विशेषज्ञ डा. हरिहर वस्तीसमेत स्रोत व्यक्तिको रूपमा रहनुभएको थियो ।

## आत्माहत्या रोकथाममा सरोकारवालाको भुमिका बिषयक छलफल कार्यक्रम सम्पन्न

१९ औं विश्व आत्महत्या रोकथाम दिवस सेप्टेम्बर १० को सन्दर्भमा २०७८ भदौ २५ गते आत्महत्या रोकथाममा सरोकारवालाहरूको भूमिका विषयक छलफल कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ शाखा कार्यालय खोटाङ, जिल्ला प्रहरी कार्यालय खोटाङ, नेपाल रेडक्रस सोसाइटी, खोटाङ र इन्सेक खोटाङको संयुक्त आयोजनामा सम्पन्न भएको थियो ।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय खोटाङका प्रहरी निरक्षिक सागर साहले स्वागत मन्तव्यसँगै आत्महत्या प्रयासमा आफ्नो अनुभवसहित संलग्न कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत कार्यपत्रले विशेषतः खोटाङ

जिल्लामा रहेको आत्महत्याको अवस्थालाई उजागर गरेको थियो । कार्यपत्रले आ.व. २०७७/०७८ मा मात्र यस जिल्लामा ६७ जनाले आत्महत्या गरेका, अत्महत्या गर्नेमा ६४.३३ प्रतिशत आदिवासी जनजाती १९.११ प्रतिशत दलित र १६.५६ प्रतिशत खस आर्य समुदाय रहेको तथ्याङ्कहरू प्रस्तुत गर्दै आत्महत्याबाट बच्ने उपायको बारेमा पनि उल्लेख गर्नुभएको थियो। आयोगका कार्यालय प्रमुख श्यामबाबु काफ्लेले आत्महत्याको रोकथाममा सरोकारवालाहरूको भूमिका विषयमा प्रष्ट पार्नुभएको थियो । उहाँले प्रहरी प्रशासन, स्थानीय तह, नागरिक समाज, शिक्षण सङ्घसस्था, स्वास्थ्य सङ्घसंस्था र राष्ट्रिय मानव अधिकार आयोगको भूमिकाको बारेमा पनि उल्लेख गर्नुभएको थियो ।

कार्यक्रममा आत्महत्या रोकथामका उपायसमेतको बारेमा, छलफलमा सहभागिहरूले आत्महत्या रोकथामको लागि युटुवरलाई नियमन गर्नुपर्ने, चिकित्सकहरूको व्यवहार बिरामीमैत्री हुनुपर्ने विष उठान गरेका थिए । शिक्षक, शिक्षिकाहरूलाई मनोविमर्श तालिम प्रदान गर्नुपर्ने, लैंगिक हिंसा र घरेलु हिंसा न्युनिकरणमा प्रभावकारी कार्य हुनुपर्ने, रोकथामको लागि सडक नाटक, अभिनय कार्यक्रम सञ्चालन गर्नुपर्नेमा उहाँहरूको जोड थियो । सामाजिक विभेद बढी भएको स्थानमा बढी आत्महत्या भएको देखिँदा त्यस क्षेत्रमा बढी खोज गरी आत्महत्याको कारण नै खोज्नुपर्ने, शारीरिक र मानसिक तन्दुरुस्तीको लागि व्यायामशालाहरूको स्थापना वडा स्तरसम्म गरि नुपर्ने लगायतका धारणा तथा सुझावहरू प्राप्त भएका थिए ।

छलफलपछि मन्तव्यको क्रममा गैरसरकारी संस्था महासङ्घका अध्यक्ष दानबहादुर राईले आत्महत्या कम गर्न आफ्नो संस्थाले पनि काम गर्न सक्ने भए पनि गर्न नसकेको हुँदा आगामी दिनमा सहकार्यमा अगाडि बढ्ने उल्लेख गर्नुभयो। खोटाङ जिल्ला अदालतका नि. श्रेष्तेदार बद्रीप्रसाद लामिछानेले मान्छेलाई मान्छे भएर जिउन सक्ने अवस्थाको सिर्जना गर्न सकेमा आमहत्या रोक्न सकिन्छ भन्दै त्यसको सुरुवात एक व्यक्तिले अर्को व्यक्तिलाई गर्ने व्यवहारबाट हुनुपर्ने बताउनु भयो । यस्तै प्रहरी नायव उपरीक्ष उमेश लम्सालले संसारमा भएका आत्महत्या मध्ये ७७ प्रतिशत आत्महत्या गर्ने व्यक्तिहरू न्युन तथा मध्ययम आय भएका देशका भएका हुँदा नागरिकहरूको आर्थिक अवस्थामा सहयोग पुग्ने कार्यक्रम तय गरिनुपर्ने र वडावडामा मनोपरामर्शकर्ताको आवश्यकता रहेकोमा जोड दिनुभयो ।

प्रमुख जिल्ला अधिकारी मित्रलाल शर्माले आत्महत्याका घटना हुनु आफँमा दुःखद बताउँदै आत्महत्या गर्ने व्यक्ति गरिब परिवारको हुने र त्यसको पोष्टमार्टम गर्न जिल्लासम्म ल्याउनुपर्ने बाध्यात्मक अवस्थाले परिवारलाई थप आर्थिक व्यवभार थपिरहेको हुँदा प्रत्येक पालिकामा पोष्टमार्टम गर्ने चिकित्सकको आवश्यकता रहेको उल्लेख गर्नुभयो । उहाँले जिल्ला प्रशासन कार्यालय आत्महत्या रोकथामको सन्दर्भमा समेत स्थानीय तहमा जाने क्रममा रहेको भन्दै उठेका विषय सम्बोधन गर्न तत्काल सरोकारवालाहरूबीच छलफल गरी निष्कर्षमा पुग्न पनि अनुरोध गर्नुभएको थियो। मन्तव्यको अन्त्यमा प्रमुख अतिथि विणादेवी राईले नगरपालिका आत्महत्या रोकथामको लागि समन्वय र सहकार्यमा कार्य गर्न तयार रहेको बताउँदै यससँग सम्बन्धित कतिपय कार्यहरू गरिरहेको जानकारी गराउनुभयो । उहाँले उपप्रमुखसँग महिला कार्यक्रमअन्तर्गत विशेषतः महिलाहरूको सशक्तिकरणको लागि कार्य गरिरहेको पनि उल्लेख गर्नुभएको थियो । विशेष गरी आत्महत्याका घटनाहरू गरिबी, विपन्नता, मानसिक अस्वस्थता, प्रेममा धोका, घरेलु हिंसा, ऋण, बेरोजगारीको अवस्था एवम् भएको रोजगारी खोसिएको अवस्था समेतबाट उत्पन्न भएको देखिएको हुँदा त्यसको न्यूनीकरणको लागि ठोस कार्य गर्न आवश्यक देखिएको छ भन्ने कार्यक्रमको निस्कर्ष रहेको थियो ।

### कोभिड-१९ बाट उत्पन्न समस्या र त्यसको व्यवस्थापनसम्बन्धी अनुगमन

विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को दोस्रो

लहरले नेपालका अधिकांश जिल्लाहरूमा पारेको प्रभावको सन्दर्भमा भोजपुर, सोलुखुम्बु र ओखलढुङ्गा जिल्लाका नागरिकहरूको मानव अधिकार प्रचलनमा कोभिड- १९ ले पारेको प्रभाव र असरको बारेमा मिति २०७८/५/१ देखि ७ सम्म राष्ट्रिय मानव अधिकार आयोग प्रदेश नं. १ शाखा कार्यालय, खोटाङले अनुगमन गरेको थियो । अनुगमन टोलीमा आयोगको खोटाङ कार्यालयका मानव अधिकार अधिकृत चिरञ्जीवी कोइराला र मानव अधिकार अधिकृत नेत्रबहादुर गौतम रहनुभएको थियो ।

कोभिड १९ को दोश्रो लहरको शुरुवाती चरणमा संक्रमितको सङ्ख्यामा तीव्र वृद्धि भएसँगै जिल्लास्थित अस्पताल तथा स्वास्थ्य संस्थाहरूमा अक्सिजन, आईसीयू, भेन्टिलेटर लगायतका अन्य अत्यावश्यक स्वास्थ्य सामग्रीहरूको अभाव भएको पाइएको थियो। बिरामीहरूको व्यवस्थापनमा समस्या देखिएको र जिल्ला कोभिड व्यवस्थापन समिति र स्थानीय स्तरमा पालिकाहरूको पहलमा कोभिड नियन्त्रण र व्यवस्थापन सहज र समाधान उन्मुख भएको अवस्था छ । पछिल्लो समयमा भोजपुर, सोलुखुम्बु र ओखलढुङ्गा जिल्लामा अत्यावश्यक स्वास्थ्य सामग्रीहरू, अक्सिजन, बेड, आइसीयू, भेन्टिलेटर, खोपको आपूर्ति भएसँगै खोपको व्यवस्थापन समेत सहज भएको अवस्था छ । यसका बावजुद् कोभिडविरुद्धको खोपमा सबै नागरिकहरूको पहुँच पुऱ्याउन सचेतना अभिवृद्धि गर्नुपर्ने देखिएकोले यसतर्फ सरकार र सरोकारवालहरूको ध्यान जानु जरुरी रहेको छ ।

यी तीन जिल्लामा आत्महत्या, जबरजस्ती करणी र कर्तव्य ज्यानसम्बन्धी घटनाहरूमा वृद्धि भएको देखिन्छ । यसको रोकथाम तथा नियन्त्रणको लागि कुनै पनि जिल्ला तथा पालिकाहरूमा कुनै योजना तथा कार्यक्रमहरू भने बनेको पाइएन । यसतर्फ भने विशेष कार्यक्रम तय गरी अगाडि बढ्नुपर्ने अवस्था छ ।

### प्राकृतिक विपदले ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा पारेको प्रभाव सम्बन्धमा अनुगमन

आयोगको प्रदेश नं. १ शाखा कार्यालयका कार्यालय प्रमुख श्यामबाबु काफ्लेको नतृत्वमा खटिएको अनुगमन टोलीले मिति २०७८ भाद्र १ देखि ५ सम्म ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा प्राकृतिक विपद्ले मानव अधिकार प्रचलनमा पारेको प्रभावबारेमा अनुगमन गरेको छ । अनुगमनको क्रममा सोलुखुम्बु जिल्लामा निर्माणाधीन हाइड्रो पावरसमेतको कारण पैदलमार्गीहरूमा केही प्रभाव परेको छ । जिल्लामा बाढी-पहिरोको जोखिमको कारण असुरक्षित स्थामा रहेका नागरिकहरूको वास्तविक पहिचान गर्नुपर्ने अवस्था रहेको देखिन्छ । जिल्लाका जोखिमयुक्त अवस्थामा रहेका भनिएका नुनथला बजार र बाराने भन्ने स्थामा पहिरो रोकथामसम्बन्धी प्रभावकारी कार्यक्रम तय गरी कार्यान्वयन गर्नपर्ने अवस्था रहेको पाइएको छ । यसको साथै दुबै जिल्लामा विपद् पूर्वसूचनासम्बन्धी कार्य सम्बन्धित पक्षबाट प्रभावकारी रूपमा कार्यान्वयन हुन पनि आवश्यक देखिएको छ । जिल्ला विपद्व्यवस्थापन समिति प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा निर्माण गरी त्यसमा जिल्ला समन्वय प्रमुख र स्थानीय पालिकाहरूका प्रमुख/अध्यक्षहरूलाई सदस्यको रूपमा रहने व्यवस्था लागु हुन सकेको पाइएन । नेपाल सरकारले तोकेको मर्यादाक्रममा प्रमुख जिल्ला अधिकारीलाई समन्वय प्रमुख तथा पालिका प्रमुख/अध्यक्षको मातहतमा राखिएको कारण पनि नियमित वैठक बसी प्रभावकारी रूपमा कार्य हुन नसकेको देखिन्छ ।

### उपभोक्ता अधिकार संरक्षण सम्बन्धमा पत्राचार

मिति २०७८/४/२६ मा प्रकाशित प्रभाव न्यूज डटकम, हलेसी खबर डटकम र अगष्ट २, २०२१ मा पत्रकार भिम राईको फेसबुकमा प्रकाशित डाइजेष्टिभ बिस्कुटमा अखाद्य वस्तु फेला परेको समाचारप्रति आयोगको ध्यानाकर्षण भएको छ । यस विषयमा आयोगको प्रदेश नं. १ शाखा कार्यालयले सरोकारवाला निकायहरूलाई पत्राचार गरेको थियो ।

### मानव अधिकार रक्षकहरूको तेस्रो राष्ट्रिय सम्मेलनको तयारी सम्बन्धमा परामर्श तथा छलफल

मानव अधिकार रक्षकहरूको तेस्रो राष्ट्रिय सम्मेलनको

तयारी सम्बन्धमा विभिन्न मितिमा बैठक तथा छलफल कार्यक्रमहरू सम्पन्न भएका छन् । आयोगको केन्द्रीय कार्यालयस्थित प्रवर्धन महाशाखाको सयोजनमा आयोगको केन्द्रीय कार्यालयस्थित विभिन्न विभाग तथा महाशाखा प्रमुखहरू एवम् कर्मचारीहरू, आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयका प्रमुख एवम् कर्मचारीहरूसँग सुझाव लिने कार्य सम्पन्न भएको छ । साउन २७ गते राष्ट्रिय सम्मेलनमा सहभागीहरूको दर्ताका लागि अनलाइन लेखाजोखासम्बन्धी प्रश्नावली र अनलाइन रजिष्ट्रेशन फाराममाथि छलफल गरी सुझाव लिने कार्यक्रम सम्पन्न भएको थियो। सो क्रममा राष्ट्रियस सम्मेलनमा भाग लिने सहभागीहरूको दर्ताका लागि अनलाइन प्रक्रिया, मानव अधिकार रक्षकहरूको विद्यमान अवस्थाबारे जानकारी प्राप्त गर्नका लागि आवश्यक प्रश्नावलीहरूको मस्यौदा तयार गरी आयोगमा पेस गर्नुपर्ने सुझाव प्राप्त भएको थियो। सुझावमाथि आयोग र मानव अधिकारकर्मीहरूसँग छलफल गरी अन्तिम रूप दिनुपर्ने बताइएको थियो ।

त्यसैगरी, मानव अधिकार रक्षकहरूको राष्ट्रिय सम्मेलनको तयारी समिति गठन सम्बन्धमा भदौ २३ गते आयोगमा छलफल सम्पन्न भएको थियो । छलफलबाट मानव अधिकार रक्षकहरूका मुख्य चुनौती, सुरक्षा, पहिचान तथा रक्षकका समस्या र प्रदेश स्तरीय र राष्ट्रिय सम्मेलनका लागि तयारी समिति गठन गर्ने सुझाव प्राप्त भएका छन् ।

## आयोगबाट २०७८ साउन र भदौ महिनामा भएका सिफारिस तथा निर्णयहरूको विवरण :

| महिना | सिफारिस | | तामेली | खारेज | जम्मा फछ्र्यौट | पुन पेश गर्ने | जम्मा निर्णय |
|---|---|---|---|---|---|---|---|
| | नीतिगत | उजुरीगत | | | | | |
| २०७८ साउन | १ | ८ | ५४ | २ | ६५ | १२ | ७७ |
| २०७८ भदौ | - | १० | ३८ | १ | ४९ | २३ | ७२ |
| जम्मा निर्णय : | १ | १८ | ९२ | ३ | १०३ | २५ | १४९ |

## आयोगबाट २०७८ साउन र भदौ महिनामा आयोगमा दर्ता भएका उजुरीहरू :

| महिना | प्रदेश नं. १, कार्यालय विराटनगर | प्रदेश नं. १, शाखा कार्यालय खोटाङ् | प्रदेश नं. २, कार्यालय धनुषा | वागमती प्रदेश कार्यालय, सानेपा | गण्डकी प्रदेश कार्यालय पोखरा | लुम्बिनी प्रदेश कार्यालय वुटवल | लुम्बिनी प्रदेश शाखा कार्यालय, नेपालगञ्ज | कर्णाली प्रदेश शाखा कार्यालय जुम्ला | सुदुरपश्चिम प्रदेश शाखा कार्यालय धनगढी | जम्मा उजुरी सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|
| २०७८ साउन | १ | २ | ४ | ८ | - | १ | - | - | ७ | २३ |
| २०७८ भदौ | ३ | ३ | २ | १ | - | १ | - | - | २ | ११ |
| जम्मा उजुरी | ४ | ५ | ६ | ९ | - | २ | - | - | ९ | ३५ |

आयोगका प्रदेश तथा प्रदेश शाखा कार्यालयहरूमा साउनमा २३ र भदौमा १२ गरी जम्मा ३५ उजुरीहरू दर्ता भएका छन् । दर्ता भएका उजुरीहरू महिला अधिकार, हिरासतमा मृत्यु तथा यातना, प्रहरीबाट कुटपीट तथा दुर्व्यवहार, न्याय प्रशासन, सम्पत्तिको अधिकार, शिक्षाको अधिकारसँग सम्बन्धित रहेका छन् । त्यसैगरी कामबाट निष्काशन, बेपत्ता, बोक्सीको आरोप, सामाजिक वहिष्करण, नागरिक तथा राजनीतिक अधिकार, आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार, यौनिक अल्पसङ्ख्यकको अधिकार आदि विषय छन् ।

संयोजन/सम्पादन मण्डल
कैलाशकुमार सिवाकोटी
दुर्गा पोखरेल
पवन भण्डारी

सूचना प्रविधि, प्रतिवेदन, प्राज्ञिक अनुसन्धान तथा प्रकाशन महाशाखा

राष्ट्रिय मानव अधिकार आयोग
केन्द्रीय कार्यालय, हरिहरभवन, ललितपुर